नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय**
नाम्चे, सोलुखुम्बु

पत्र संख्या : २०८१/०८२
चलानी नं : २४५

मिति : २०८१/०८/२६

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री एयर डाईन्स्टी हेलीकप्टर्स सर्भिस प्रा.लि., काठमाण्डौं।
श्री प्रभु हेलीकप्टर्स सर्भिस प्रा.लि., काठमाण्डौं।
श्री कैलाश हेलीकप्टर्स सर्भिस प्रा.लि., काठमाण्डौं।
श्री अन्नपूर्ण हेलीकप्टर्स सर्भिस प्रा.लि., काठमाण्डौं।
श्री माउन्टेन हेलीकप्टर्स प्रा.लि., काठमाण्डौं।
श्री आल्टिट्युड एयर प्रा.लि. काठमाण्डौं।
श्री फिसटेल एयर प्रा.लि., काठमाण्डौं।
श्री श्री एयरलाईन्स प्रा.लि., काठमाण्डौं।
श्री सिम्रिक एयर सर्भिस प्रा.लि., काठमाण्डौं।
श्री हेली एभरेस्ट प्रा.लि., काठमाण्डौं।
श्री मनाङ्ग एयर प्रा.लि. काठमाण्डौं।

प्रस्तुत विषयमा सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र अत्याधिक रुपमा व्यावसायिक हेलिकप्टरको उडान/अवतरण हुने गरेको व्यहोरा सर्वविधितै छ। अनियन्त्रित रुपमा हुने गरेको हेलिकप्टर उडान तथा अवतरणका कारण निकुञ्जको बन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा वासस्थान संरक्षणमा थप चुनौती थपिएको छ। हेलीकप्टरको उडानबाट निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र रहेको वस्तीहरुमा अत्याधिक ध्वनी प्रदुषण समेत भएको छ भने अर्कोतर्फ वन्यजन्तु तथा आखेटोपहार सम्वन्धि अपराधिक गतिविधि/क्रियाकलाप समेत हुन सक्ने सम्भावना रहेको। साथै खुम्बु क्षेत्रको स्थानीय व्यापार, व्यवसाय तथा रोजगारीमा समेत नकारात्मक असर परेको जनगुनासो रहेको। यस सम्बन्धमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय, खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति तथा खुम्बु क्षेत्रमा रहेका स्थानीय सरोकारवाला सरकारी/गैर-सरकारी संघ/संस्थाहरुको मिति २०८१/०८/२५ गते भएको बैठकबाट यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र हुने हेलिकप्टर उडान तथा अवतरण कार्यलाई व्यवस्थित गर्न पर्यटक तथा स्थानीयको उद्दार र मालसामान ढुवानीका लागि प्रयोग गरिने हेलिकप्टरहरु बाहेक अन्य व्यावसायिक रुपमा संचालन हुने हेलिकप्टरहरु मिति २०८१/०९/१७ (2025-Jan-01)बाट पूर्ण रुपमा रोक लागउने निर्णय भएको हुँदा सो बैठकको निर्णयको प्रतिलिपी थान -१(एक) को पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध गर्दै निर्णयहरु कार्यान्वयन गर्न हुन अनुरोध गरिन्छ। अन्यथा गरे/गराएमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०३६ तथा प्रचलित कनून अनुसार भैजाने व्यहोरा समेत जानकारी गराईन्छ।

२०८१/०८/२६
शुस्मा राना
वरिष्ठ संरक्षण अधिकृत

बोधार्थ :
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग : जानकारी तथा आवश्यक समन्वयका लागि।
श्री जिल्ला प्रशासन कार्यालय, सल्लेरी, सोलुखुम्बु : जानकारी तथा आवश्यक समन्वयका लागि।
श्री खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु : जानकारी, निर्णय कार्यान्वयन तथा आवश्यक समन्वयका लागि।
श्री भगवती प्रसाद गूल्म, नाम्चे व्यारेक, नाम्चे : जानकारी, नियमित अनुगमन तथा निर्णय कार्यान्वयनका लागि।
श्री तेन्जिङ हिलारी विमानस्थल नेपाल नागरिक उड्डयन कार्यालय, लुक्ला, सोलुखुम्बु : जानकारी, आवश्यक समन्वय तथा निर्णय कार्यान्वयनका लागि।
श्री ईलाका प्रहरी कार्यालय, नाम्चे, सोलुखुम्बु : जानकारी तथा निर्णय कार्यान्वयनका लागि।
श्री सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, मेन्दल्फु, नाम्चे : जानकारी, नियमित अनुगमन तथा निर्णय कार्यान्वयनका लागि।

नाम्चे बजार, सोलुखुम्बु, फोन नं.: ०३८-५४०११४ www.sagarmathanationalpark.com snp.namche@gmail.com

**प्रस्ताव नं. २ हेलिकप्टर उडान/अवतरण/होभरिङ्ग सम्बन्धमा।**

प्रस्ताव नं २ माथि छलफल गर्दा सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र उडान तथा अवतरण गर्ने विभिन्न कम्पनीका हेलीकप्टरहरुले सो कार्य गर्नु पुर्व निकुञ्ज कार्यालयबाट नियमानुसारको अनुमति लिएर उल्लेखित कार्य गर्नु पर्नेमा अझै पनि सो कार्य प्रभावकारी ढङ्गबाट संचालन नभएको बुझिन आएको र सो कारण राजश्व चुहावत समेत हुने देखिएको भने अर्को तर्फ निकुञ्ज भित्र हेलिकप्टरहरुले मनपरी ढंगबाट हेलीकप्टर उडान तथा अवतरण गरी पर्यटक ओसारपसार गर्दा निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षामा थप चुनौती थपिएको तथा मानव वस्तीमा ध्वनी प्रदुसन समेत भएको महसुस हुनुका साथै अपराधिक गतिविध/क्रियाकलाप समेत हुन सक्ने सम्भावना रहेको र खुम्बु क्षेत्रको स्थानीय व्यापार, व्यवसाय तथा रोजगारीमा समेत नकारात्मक असर परेको हुनाले सो विषयलाई मध्यनजर गर्दै हेलीकप्टर उडान तथा अवतरणका कार्य व्यवस्थित गर्न तपशिल बमोजिमका बुँदाहरुको पूर्ण पालना गर्ने गरी हेलीकप्टर उडान/अवतरण कार्य गर्ने/गराउने निर्णय गरियो।

**तपशिल**

क) निकुञ्जको कोर तथा मध्यवर्ती क्षेत्रमा व्यवसायिक प्रयोजनका लागि हेलीकप्टरको उडान/अवतरणमा पूर्ण रुपमा रोक लगाउने निर्णय गरियो।

ख) निकुञ्ज भ्रमण गर्न आउने पर्यटक/पदमार्गीहरुको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै तपशिल अनुसारको शर्तहरुको पूर्ण पालना गर्ने गरी Rescue फ्लाईट संचालन गर्न Fully Equipped Helicopter प्रयोगमा ल्याउने निर्णय गरियो।

**शर्तहरु :**

१) Rescue गर्न पर्ने अवस्था आएमा नजिकैको स्वास्थ्य संस्था, सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा वडा कार्यालयको लिखित/मौखिक सिफारिस पश्चात मात्र निकुञ्जले अनुमति दिने।

२) Rescue फ्लाईट गर्नु पर्ने अवस्था आएको खण्डमा निकुञ्जबाट पुर्व सहमति लिई हेलीकप्टर अवतरण गर्ने स्थान तय गर्नुपर्ने।

३) Rescue हुने व्यक्तिको विवरण अनिवार्य रुपमा निकुञ्ज कार्यालयमा पेश गर्नु पर्ने।

४) हेलीकप्टरमा Rescue गरिनुपर्ने पर्यटक वाहेक अन्य पर्यटकहरु ओसारपसार गर्न नपाईने।

५) Rescue भएका पर्यटकको स्वास्थ्य चेकजाँच गर्नका लागि अनिवार्य रुपमा लुक्ला स्थित पासाङ ल्हामु निकोल निक्की अस्पतालमा पुर्याउन पर्ने।

६) स्थानिय अशक्त, जेष्ठ नागरिक तथा अपाङ्गको लागि सम्बन्धित वडा कार्यालय/मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिसको आधारमा निकुञ्ज कार्यालयबाट अनुमति लिनुपर्ने।

ग) खुम्बु क्षेत्रको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै स्थानीयस्तरमा आवश्यक पर्ने सामाग्रीहरुको ढुवानीका लागि निकुञ्ज प्रशासनसंग पुर्व सहमति लिई कार्गो फ्लाईट संचालन गर्ने/गराउने।

घ) निकुञ्ज प्रशासनबाट सहमति प्रदान भएको क्षेत्र वाहेक अन्यत्र हेलिकप्टर अवतरण गर्न नपाईने।

ङ) हेलिकप्टरको उडान तथा अवतरण सम्बन्धमा हाल निकुञ्ज तथा निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको सुरक्षा पोष्ट निकुञ्जको माथिल्लो क्षेत्रमा नभएको हुँदा सुरक्षा पोष्टको व्यवस्था नभएसम्म फेरिचे/डिङबोचे क्षेत्रमा नेपाली सेनाले तथा गोरकसेप/आधार शिविर क्षेत्रमा खुम्बु पासाङल्हामु गाउँपालिका/स्थानीय युवा क्लब/Everest Fire and Rescueले नियमित अनुगमनको व्यवस्था मिलाउने।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
सगरमाथा राष्ट्रिय निकुञ्ज
नाम्चे, सोलुखुम्बु

च) सगरमाथा आरोहणका लागि कार्गो ढुवानीको लागि पाङबोचे भन्दा माथिल्लो क्षेत्रमा अवतरण गर्न निषेध गर्ने।

छ) हेलिकप्टरको उडान/अवतरण/होभरिङ्ग सम्बन्धमा सुरक्षा सम्बन्धि कुनै किसिमको चेकजाँच गर्नु पर्ने अवस्था आई परेमा जुनसुकै बेलामा निकुञ्ज प्रशासन तथा नेपाली सेनाले हेलिकप्टरको चेकजाँच गरी उडान/अवतरणको अनुगमन गर्न सक्ने।

ज) निकुञ्ज क्षेत्रभित्र व्यवसायिक रुपमा हेलिकप्टर उडान तथा अवतरणलाई रोक लगाउने निर्णय गर्दै सो सम्बन्धमा सम्बन्धित तालुक निकायहरुमा आवश्यक सहयोगका लागि पत्राचार तथा कार्यन्वयन गर्ने/गराउने निर्णय गरियो। साथै सो सम्बन्धमा खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले नेपाल नागरिक उड्डयन प्राधिकरण, पर्यटन सम्बन्धि संघ/संस्थाहरु तथा सम्बन्धित पर्यटन व्यवसायीहरुसंग समन्वय तथा पत्राचार गरी निर्णय कार्यन्वयन गर्ने/गराउने निर्णय गरियो।

झ) उल्लेखित निर्णयहरु सन् २०२५ जनवरी १ (२०८१/०९/१७) देखि लागु हुने निर्णय गरियो।

ञ) उल्लेखित निर्णयहरु विपरित काम/कारवाही भएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ।

TPS

वरिष्ठ संरक्षण अधिकृत